नेपाल सरकार
गृह मन्त्रालय
☎ ०७८-५४०६१७
E-mail: cdonawalpur2074@gmail.com

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

## निर्वाचन आचारसंहिता अनुमन अधिकृतद्वारा निर्वाचन आचारसंहिता, २०८२ परिपालना सम्बन्धमा जारी गरिएको सूचना।

आसन्न प्रतिनिधि सभा निर्वाचन, २०८२ लाई स्वतन्त्र, निश्पक्ष, स्वच्छ, पारदर्शी, मितव्यायी तथा भयमुक्त बनाउन निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ लागू गरिसकेको ब्यहोरा विदितै छ। सो आचारसंहिताको परिपालनाका सम्बन्धमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा सबै राजनीतिक दल, दलका भातृसंगठन, नागरिक समाज तथा आम सर्वसाधारण नागरिकहरुका लागि सूचना जारी गरिएको छ।

१. राजनीतिक दल, उमेदवार, दलका भातृ संगठन तथा सम्बन्धित ब्यक्तिले निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ मा उल्लेखित मापदण्डभित्र रही निर्वाचन प्रचारप्रसार सम्बन्धी काम गर्न सक्नेछन्।
२. राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै ब्यक्तिले प्रचलित कानून रर आचारसंहिता विपरित पोस्टर, भित्तेलेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गर्न हुदैन।
३. प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित २५ जना भन्दा बढीको जुलुस लिएर जान नमिल्ने साथै यसरी जाँदा बाजागाजा तथा झाँकी सहित नजाने।
४. कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न नहुने।
५. आफै उम्मेदवार भएको तथा आयोगको सहमति लिई निर्वाचन प्रचारप्रसारमा संलग्न हुने नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले त्यसरी निर्वाचन प्रचार प्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न नहुने।
६. वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न वा नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने।
७. कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने।
८. कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न वा त्यस्तो पदमा नियुक्ति गर्न नहुने।

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
☎ ०७८-५४०६१७
E-mail: cdonawalpur2074@gmail.com

# जिल्ला प्रशासन कार्यालय

## नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

## कावासोती

९. नयाँ पद सृजना गर्ने, रिक्त पद पूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने।

१०. निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने।

११. मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म अन्तरक्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी गर्न नहुने।

१२. आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने।

१३. राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अङ्कित ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर उत्पादन, प्रयोग, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने।

१४. स्वीकृति नलिई कसैको निजी वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने।

१५. कसैको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने।

१६. बालबालिकालाई निर्वाचन प्रचार प्रसारमा प्रयोग गर्न वा गराउन नहुने।

१७. निषेध गरिएको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने।

१८. सार्वजनिक आवागमनमा अवरोध हुने गरी जुलुस, आमसभा, कोणसभा, बैठक, भेला गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने।

१९. सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने।

२०. निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले सामाजिक सञ्जालमा एकाउण्ट सञ्चालन गर्न वा झुटा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने।

२१. सामाजिक सञ्जालमा होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिका टिप्पणी गर्न वा गराउन नहुने।

२२. कुनै प्रयोजनको लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन लगायतका कार्य गर्न वा गराउन नहुने।

सहायक प्रमुख जिल्ला अधिकारी

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

नेपाल सरकार
गृह मन्त्रालय

☎ ०७८-५४०६१७
E-mail: cdonawalpur2074@gmail.com

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती

२३. निर्वाचनको विश्वसनीयतामा वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर पर्ने गरी कुनै अवाञ्छित लाञ्छना लगाउन नहुने।

२४. कसैको चरित्र हत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्ने वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नहुने।

२५. उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म मत सर्वेक्षण गर्न नहुने।

२६. कुनै पनि किसिमबाट मतदाताको गोप्यता भङ्ग गर्ने कार्य गर्न नहुने।

२७. मतदाता र मतदानमा खटिएका कर्मचारीसँग वादविवाद गर्ने वा हतोत्साहित गर्न नहुने।

२८. प्रचारप्रसारको समयमा बढिमा १० वटा मात्र राष्ट्रिय झण्डाको प्रयोग गर्ने।

२९. निर्वाचन प्रयोजनको लागि ७५ ग्राम सम्मको कागजमा ३०० वर्ग इन्च सम्म क्षेत्रफल भएको एउटै रङ्ग र मुद्रकको नाम सहितको पर्चा मात्र प्रयोग गर्न पाइने।

३०. जुलुस, आमसभा, कोणसभा वा भेला गर्नुअघि स्थानीय प्रशासनको अनुमति लिइ मिति, समय, मार्ग र स्थानको बारेमा कम्तिमा २४ घण्टा अगावै स्थानीय प्रहरीलाई जानकारी गराउनु पर्ने।

३१. एक भन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ संगठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस/ आमसभा/ कोणसभा/ बैठक वा भेला नगर्ने। त्यस्तो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशन पालना गर्ने।

३२. सरकारी/ अर्ध सरकारी/ संस्थान/ विद्यालयको भवन तथा क्षेत्र (जग्गा) प्रयोग गरी निर्वाचन सम्बन्धी भेला कार्यक्रम वा प्रचारप्रसार गर्न गराउन पाईने छैन।

निर्वाचन आचारसंहिता उल्लङ्घन भएमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ एवम् निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम एकलाख रुपैयासम्म जरिवाना गर्ने वा उम्मेदवारी समेत रद्ध हुन सक्ने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ साथै आचारसंहिता उल्लंघन गरेको थाहा पाउने वा देख्ने ब्यक्तिले निर्वाचन आचरसंहिता अनुगमन अधिकृतहरुलाई जानकारी गराउन सक्नुहुनेछ।

२०८२-१०-१४

(चिरन्जिवी राना)
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
एवम्
सहायक प्रमुख जिल्ला अधिकारी